***"हाम्रो ककनी, राम्रो ककनी"***

**यस गाउँपालिकाका उपाध्यक्ष ज्यू**

अतिथिज्यू,

गाउँसभा सदस्यज्यूहरु,

वुद्धिजीवि वर्ग,

गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु

एवं तमाम गाउँवासी आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु

यस ककनी गाउँपालिकाको **सातौं गाउँसभामा** उपस्थित हुनु हुने गाउँसभा सदस्यज्यूहरु, पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण गाउँसेवक कर्मचारीहरु, हामीलाई असाध्यै माया गर्नुहुने तमाम गाउँवासी दाजुभाई, दिदीवहिनी, वुवाआमाहरुमा गाउँपालिकाको तर्फवाट एवं आफ्नो व्यक्तिगत तर्फवाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

सर्वप्रथम म यस महत्वपूर्ण घडीमा देशका विभिन्न लोकतान्त्रिक आन्दोलनमा आफ्नो जीवन वलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु तथा कोभिड-१९ का कारण मृत्युवरण हुनु भएका व्यक्तिहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । कोभिड-१९ को दोस्रो लहरका कारण आम सरोकारवालाहरु सबैलाई आमन्त्रण गरी नीति तथा कार्यक्रम प्रस्तुत हुने यस गरिमामय सभामा सहभागि गराउन नसकेको प्रति दुख प्रकट गर्न चाहन्छु ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

२०७४ साल वैशाख ३१ गतेको प्रथम ऐतिहासिक स्थानीय तहको निर्वाचनमा हामीले ककनीवासी आमाबुवा, दाजुभाई तथा दिदीवहिनीहरुको प्रयाप्त माया र ममता प्राप्त गरेकै हौं । उक्त कुरालाई आत्मसाथ गरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले हाम्रो निर्वाचित संस्थालाई तोकिदिएका काम, कर्तव्य र अधिकार लाई ईमान्दारीताका साथ पालना र कार्यान्वयन गर्न कटिवद्धताका साथ लागि परेकै छौं । जननिर्वाचित प्रथम गाउँ प्रमुखको हैसियतबाट सातौं गाउँसभामा आ.व. २०७८/७९ को वार्षिक नीति, कार्यक्रम तथा वजेट निर्माण तथा कार्यान्वयन गर्ने विशिष्ट जिम्मेवारी दिनु भएकोमा सबै गाउँवासी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

गाउँवासीहरुले हामीलाई निर्वाचित गरी पठाएको ४ वर्ष १ महिना पुरा भएको छ । यस अवधिमा हामीले गाउँपालिकाको कार्यसम्पादनका लागि आवश्यक पर्ने विभिन्न ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा योजनाहरु निर्माण गरेका छौं भने कयौं साना-ठूला आयोजना तथा संरचना सञ्चालन तथा निर्माण गरी गाउँपालिकालाई विकासको गतिमा अगाडी वढाउने प्रयास गरिरहेका छौं ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

कार्यालयको आफ्नै सेवाग्राहीमैत्री प्रशासनिक भवन नहुनु, स्थानीय सरकारका लागि आवश्यक पर्ने कानुन निर्माणमा सहजता नहुनु, स्थायी प्राविधिक कर्मचारीको संख्या प्रयाप्त नहुनु र स्थानीय सरकारको नौंलो अभ्यास जस्ता कारणले सोचे अनुरुप सेवाग्राही मैत्री सेवा प्रवाह हुन नसकेको हामीले अनुभुती गरेका छौ तर हाम्रो क्षमता र सामर्थ्यताले भ्याए सम्म सोका लागि कटिवद्ध रुपमा प्रयासरत नै छौं। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ दोस्रो लहरबाट बाट हाम्रो गाउँपालिका पनि प्रभावमूक्त बन्न सकेको छैन। यसबाट आम जनसमुदायमा परेको र पर्न सक्ने असर प्रति हामी सचेत छौं। गाउँवासीहरुलाई यस महामारीले पारेको असर न्यूनिकरण, रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले परीक्षण- उपचार तथा राहतमा कुनै कसर बाँकी राखेका छैनौं र आगामी दिनमा समेत यसबाट पर्न सक्ने प्रभावलाई न्यूनिकरण, रोकथाम र नियन्त्रण गर्ने दिशामा हामी अगाडी वढ्ने नै छौं।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

गाउँवासीको क्षमता एवं आर्थिक हैसियत र वर्तमान अवस्थालाई विश्लेषण गरी जनप्रतिनिधी एवं राजस्व परामर्श समितिको सिफारिस अनुसार आगामी आर्थिक वर्ष ०७८/०७९ को करका दर र दायराहरुलाई निर्धारण गर्ने नीति अख्तियार गर्दै आगामी आर्थिक वर्षका लागि टोल वस्तीका गाउँवासीहरु, वौद्धिक व्यक्तित्व लगायत सवै सरोकारवालाहरु एंव माननीय संसादज्यूहरु, राजनैतिक दलका प्रमुख एंव प्रतिनिधिज्यूहरु लगायत जनप्रतिनिधिहरुको घनिभूत छलफलका आधारमा नेपालको संविधानमा व्यवस्था भएको शिक्षा, स्वास्थ्य रोजगारी, स्वच्छ वातावरण, सूचना र सामाजिक न्याय जस्ता मौलिक हक एवं राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवं उन्नतशिल बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीय स्तरमै सर्वाङ्गिण विकासको आधारशिला तयार गर्न २०४ बुँदे नीति तथा कार्यक्रम ०७७/०७८ देखि नै कार्यान्वयनमा लगेका छौं। नीति तथा कार्यक्रमको वाचन मात्रले परिवर्तनको विगुल फुक्न सक्दैन, यसका लागि नीति तथा कार्यक्रममा समावेश गरिएका विषयवस्तुहरु कार्यान्वयन गर्न स्रोत/साधन समेतको सुनिश्चित हुनु पर्दछ। विगत देखिनै उपलब्ध स्रोत साधनको यथोचित तालमेल गर्दै आर्थक वर्ष ०७८/०७९ मा समेत विगतको नीति तथा कार्यक्रममा केही परिष्कृत गरी विषय क्षेत्रगत सहितको पुन १९६ बुँदे नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्न गईरहेको छु।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

गाउँपालिकाको प्रमूख हुनुको नाताले आ.ब.०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व आर्थिक वर्ष ०७७/०७८ मा हामीले महशुस गरेका समस्या र चुनौती तथा सम्पादन गरेका मूख्य मूख्य कृयाकलापहरुको क्षेत्रगत रुपमा समिक्षात्मक टिप्पणी पेश गर्न चाहन्छु।

**क. समस्या तथा चुनौतिहरु :**

- संघीय कानुनको अभावमा स्थानीय सरकारका लागि आवश्यक पर्ने सबै खाले कानुनहरु निर्माणमा विभिन्न वाधाहरु कायमै रहनु ।
- स्थायी प्राविधिक कर्मचारीहरुको अप्रयाप्तता तथा व्यवस्थापनमा कठिनाई हुनु ।
- गाउँ कार्यपालिकाको आफ्नै प्रशासनिक भवन तथा वडा कार्यालयहरुको आफ्नै सेवाग्राही मैत्री भवन नहुनु ।
- गाउँपालिकाको श्रोत र सामर्थ्य भन्दा धेरै जनअपेक्षा  हुनु ।
- दीर्घकालीन आयोजना तथा कार्यक्रमहरु समयमानै छनौट गर्न नसक्नु ।
- आयोजना सञ्चालन गर्ने मूख्य समय अवधिमा विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ ले आयोजनाहरु कार्यान्वयनमा बाधा सृजना गर्नु ।
- भौगोलिक बनावट तथा निर्माण सामग्रीको अभाव र सडक असुविधा कायमै रहनु ।

माथि उलेल्खित समस्या तथा चुनौतिका वावजुदपनि आ.ब.०७७/०७८ को अवधिमा सम्पन्न भएका मुख्य-मुख्य कृयाकलापहरुको क्षेत्रगत समिक्षात्मक टिप्पणी निम्न बमोजिम वमोजिम प्रस्तुत गर्न चाहन्छु ।

**निम्न :**

**१. आर्थिक विकास :**

**कृषि:**

- कृषकहरुका लागि ७३ ओटा मिनिटिलर वितरण गरिएको,
- ५० प्रतिशत अनुदानमा ४३ स्थायी र ९० ओटा अस्थायी टनेल निर्माण गरिएको,
- ५० प्रतिशत अनुदानमा वडा नं ४ र ५ मा १४०० थान किविको विरुवा वितरण गरिएको,
- वडा नं ६ मा ५० प्रतिशत अनुदानमा १२ हजार कफिको विरुवा कृषकहरुलाई वितरण गरिएको,
- ५० प्रतिशत अनुदानमा खुमल ४ र खुमल ८ जातको उन्नत विउ २१९० किलो वितरण गरिएको,
- ५० प्रतिशत अनुदानमा वडा नं १ मा २५०० किलो आलुको उन्नत विउ वितरण गरिएको,
- ६० जना कृषकलाई वडाम नं ७ मा व्यवसायिक तरकारी र व्यवसायिक मौरी पालन तालिम प्रदान गरिएको,
- २५ जना कृषकलाई पालिकास्तरमा व्यवसायिक तरकारी खेती सम्बन्धि तालिम सञ्चालन गरिएको,
- २५ जना कृषक लाई वडा नं ३ मा आधुनिक तरकारी खेती तालिम प्रदान गरिएको,
- ५० प्रतिशत अनुदानमा १४ हजार वटा वर्षे फलफुलका विरुवाहरु वितरण गरिएको ।

**पशुसेवा :**

- सात ओटा वडामा पशु स्वास्थ्य शिविर सञ्चालन भएको,

- ४६५ जान पशुपालकलाई गाई भैसी सुत्केरी भत्ता वितरण गरिएको,
- महामारी प्रकोपमा परेका ५ जान पशुपालकहरुलाई २० हजारका दरले नगद सहयोग उपलब्ध गराईएको,
- पशुपालक कृषकलाई जैघास र औपधि निशुल्क वितरण गरिएको ।

**पर्यटन :**

- ककनी हाडटमा भ्यूटावर निर्माण कार्य सम्पन्न गरिएको,
- संघीय तथा प्रदेश सरकारको सहयोगमा वृहत पर्यटन गुरुयोजना तयार भएको,
- होमस्टे तथा ट्र्याकिङ सम्बन्धि तालिमहरु सम्पन्न गरिएको,
- पर्यटन पदमार्ग निर्माण भई रहेको,
- फूङफूङ झरना सिडी निर्माण कार्य भईरहेको ।

**संस्कृति संरक्षण :**

- बसन्ती दरवारको निर्माण कार्य सम्पन्न भएको,
- गर्वासी मन्दिर संरक्षणको कार्य सम्पन्न भएको,
- गोणेश्वर मन्दिर संरक्षणको कार्य तथा पार्किङ स्थल निर्माण कार्य भईरहेको,
- महालक्ष्मी मन्दिर तथा शिवालय मन्दिर निर्माण कार्य सम्पन्न भएको,
- गोल्माघ्याङ गुम्वा निर्माण कार्य सम्पन्न भएको ।

**उद्योग तथा सहकारी :**

- यस आ.ब. मा कुल ३६० ओटा उद्योगहरु गाउँकार्यपालिकाको कार्यालयमा दर्ता भई रु सात लाख बिस हजार राश्वव संकलन गरिएको,
- अवैध रुपमा उत्खनन् गरिएको वालुवा जफत तथा लिलाम विक्री गरी सोबाट रु १ करोड २६ लाख राजश्व संकलन गरिएको,
- विगत आ.ब.देखि दर्ता भई सञ्चालन भएका कृषि तथा पशुपंक्षी फर्महरुलाई दर्ता गरेको मिति देखि ५ वर्ष सम्म नविकरण गर्न नपर्ने व्यवस्थालाई कार्यान्वयन गरिएको,
- ढुंगा, गिटी, वालुवा उत्खनन् तथा प्रशोधन कार्यविधि २०७७ कार्यान्वयनमा ल्याईएको,
- ककनी गाउँपालिका भित्र रहेका ४२ ओटा सहकारी संस्थाहरुको विवरण अध्यावधिक गरिएको ।

**रोजगार सेवा केन्द्र :**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत यस आ.ब.०७७/०७८ को हाल सम्म अवधिमा कुल २०२ जनालाई औषतमा ७१ दिन वरावरको प्रतिदिन ५१७।– रुपैयाका दरले रोजगार प्रदान गरी १३ ओटा आयोजना सम्पन्न गरिसकिएको ।

**वित्तिय व्यवस्थापन र अवस्था :**

- आ.ब.०७७/०७८ का लागि पाँचौ गाउँसभाबाट स्वीकृत भएको कुल वजेट रु ६० करोड ४० लाख ६९ हजार ७ सय ९२ रुपैया मध्ये २०७८ जेठ मसान्त सम्म चालु तर्फ २४ करोड ९१ लाख ७८ हजार १७८ रुपैंया र पुँजिगत तर्फ १२ करोड ७३ लाख २९ हजार २११ रुपैया गरी कुल ३७ करोड ६५ लाख ७ हजार ३९० रुपैया खर्च भएको छ भने आ.व ०७७/०७८ मा करिव ५ करोड ८३ लाख ५१ हजार ९३२ रुपैया घाटा वजेट स्वीकृत गरी आयोजनाहरु कार्यान्वयनमा ल्याईएको कारण स्रोत व्यवस्थापमा केही असहजता महसुस भएको छ ।

**२. सामाजिक विकास :**

**शिक्षा, यूवा तथा खेदकूद :**

- ककनी गाउँपालिकाको दश वर्षे नयाँ शिक्षा क्षेत्र योजना २०७८-२०८८ निर्माण गरिएको,
- कक्षा एक देखि पाँच सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको,
- शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर सँग पहल गरी प्राथमिक तहकको लागि १५ ओटा दरवन्दि प्राप्त गरिसकिएको र अझै थप ५ ओटा प्राप्त हुने क्रममा रहेको साथै काठमाण्डौ महानगरपालिकाबाट निमावि तहमा ११, मावि (कक्षा ९-१०) का लागि १३ र मावि ( कक्षा ११-१२) लागि २ ओटा शिक्षक अनुदान प्राप्ती गरिएको, जसले गर्दा शिक्षक व्यवस्थापनमा सहजता आएको,
- साविकको सामुदायिक विद्यालय काउलेदेवि आधारभुत विद्यालय र संस्थागत विद्यालय ककनी ब्राईटर सेकेण्डरी स्कूल लाई समायोजन गरी काउलेदेवि ककनी ब्राईटर माध्यमिक विद्यालयको नामले सामुदायिक विद्यालय रुपमा सञ्चालन हुने प्रबन्ध मिलाईएको,
- जाईटि नेपाल कम्पनी प्रालिबाट गाउँपालिकाको नाममा करिव १३ रोपनी जग्गा प्राप्ती हुने कुराको सुनिश्चितता गरिएको,
- शिक्षक दरवन्दि न्यून भएका २४ ओटा विद्यालयहरुलाई कुल ६५ लाख निर्धारित मापदण्डका आधारमा शिक्षण सिकाई अनुदान स्वरुप उपलब्ध गराइएको,
- संघीय सरकारको छात्रवृत्तिका अलावा गाउँपालिका भित्रका विभिन्न सामुदायिक विद्यालयमा अध्ययनरत १२० जना टुहुरा, अपाङ्ग, विपन्न, तथा कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्रा छात्रहरुलाई पालिका स्तरीय छात्रवृत्ति प्रदान गरिएको,
- कक्षा १-४ सम्म अध्ययन गर्ने बालबालिकाहरुलाई अंग्रेजी माध्यमबाट पठनपाठन गराउने कार्यको सुनिश्चितताका लागि संघीय सरकारबाट प्राप्त हुने निशुल्क पाठ्यपुस्तक अनुदानमा नपुग हुने प्रति विद्यार्थी ३७७।– रुपैयाका दरले थप पाठ्यपुस्तक वापतको रकम विद्यालयलाई उपलब्ध गराईएको,

- बालबिकास केन्द्रमा अध्यापन गर्ने ३९ जना सहजकर्ताहरुलाई मासिक रु २०००।– का दरले १२ महिनाको लागि स्थानीय स्रोतबाट प्रोत्साहन अनुदान उपलब्ध गराईएको,
- कक्षा १-५ सम्मका सबै बालबालिकाहरुलाई गृहकार्य डायरी, शिक्षकका लागि शिक्षण योजना डायरी, शिक्षक लगबुक निशुल्क उपलब्ध गराउने कुराको सुनिश्चतता गरिएको,
- सबै विद्यालयमा कम्प्युटर तथा ईन्टरनेटको सुनिश्चितता हुने गरी वजेट प्रबन्ध गरी पठाई सकिएको,
- नवदुर्गा भवानी आधारभुत विद्यालय, गर्वासी माध्यमिक विद्यालय र महाकाली आधारभुत विद्यालयमा पुस्तकालय स्थापना गरिएको,
- गौरीखर्क आधारभुत विद्यालय र राष्ट्रिय माध्यमिक विद्यालयमा आईसिटि ल्याव निर्माण गरिएको,
- सरस्वती माध्यमिक विद्यालय र ब्रहमायणी आधारभुत विद्यालयमा विज्ञान प्रयोगशाला निर्माण भईरहेको,
- संघीय सरकारको अनुदानमा श्री महेन्द्र माध्यमिक विद्यालयमा र वाग्मती प्रदेश सरकारको अनुदानमा श्री मुकुन्देश्वरी माध्यमिक विद्यालयमा नमुना विद्यालय विकास कार्यक्रम अगाडी वढाइएको,
- शिवालय माध्यमिक विद्यालय र नवजीवन माध्यमिक विद्यालयमा एक विद्यालय एक नर्स कार्यक्रम विस्तार गरिएको ।
- नवजीवन माध्यमिक विद्यालयमा प्राविधिक धार तर्फको कक्षा ९-१२ सम्मको पठनपाठनको प्रबन्ध मिलाईएको,
- सामुदायिक विद्यालयका किशोरीहरुलाई महिनाबारीका वेला प्रयोग हुने स्यानेटरी प्याड निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था मिलाइएको,
- प्रारम्भिक बालबिकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीका लागि विद्यालयमा निशुल्क खाजा खुवाउने प्रबन्ध मिलाईएको
- गाउँपालिकाका ७ ओटा आधारभुत विद्यालयमा खाजा घर निर्माण र अन्य सबै विद्यालयमा खाजा पकाउने र खाने भाडाहरु निशुल्क रुपमा उपलब्ध गराउने प्रबन्ध मिलाईएको,
- कक्षा १-१० सम्मका सबै बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तक उपलब्ध गराईएको,
- अन्तरपालिका स्तरीय विभिन्न खेलकुदमा भाग लिनका लागि खेलाडीहरुलाई आवश्यक सहयोग उपलब्ध गराईएको ।

**स्वास्थ्य :**

- दश वेडको आधारभुत अस्पताल को निर्माण कार्य प्रारम्भ गरिएको,

- ❖ कोरोना भाईरस ( कोभिड-१९) संक्रमण रोकथाम, उपचारकोष सञ्चालन तथा राहत वितरण कार्यविधि २०७७ अनुसार संक्रमितलाई रु ५ हजार र मृत्यु भएका परिवारलाई कृया खर्च स्वरुप रु २५ हजार उपलब्ध गराउने प्रबन्ध मिलाईएको,
- ❖ महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहन खर्च वार्षिक १० हजारका दरले उपलब्ध गराईएको,
- ❖ संवेदनशिल रोगहरुको उपचार गर्न विपन्न नागरिक मध्ये ५९ जनालाई रु २५ हजारका दरले नगद रकम सहयोग गरिएको,
- ❖ कोभिड-१९ बाट संक्रमित भएका नागरिकको जिवन रक्षा गर्न सुविधा सम्पन्न आईसोलेसन केन्द्र सञ्चालनमा ल्याईएको र उक्त केन्द्रबाट प्रवाह हुने सबै सेवाहरु निशुल्क गर्ने प्रबन्ध मिलाईएको,
- ❖ खोप सेवालाई व्यवस्थित गर्न गाउँपालिकामा ILR फ्रिजको व्यवस्था मिलाईएको,
- ❖ स्वास्थ्य संस्थाहरुलाई नियमित रुपमा अनुदान उपलब्ध गराईएको,
- ❖ संस्थागत सुत्केरीका लागि रु ३०००।- र पोषिलो झोलाका लागि १५००।- उपलब्ध गराउने कार्यलाई निरन्तर रुपमा कार्यान्वयनमा ल्याईएको,
- ❖ स्वास्थ्य संस्थाहरुको लागि सूचिकृत औषधीहरु खरिद गरी वितरण गरिएको।

**सामाजिक सुरक्षा :**

- ❖ ७० वर्ष माथीका कुल १५४८ जना जेष्ठ नागरिक, ६२ जना जेष्ठ नागरिक दलित, ३३६ जेष्ठ नागरिक एकल महिला, ४६८ जना विधवा, ६५ जना पूर्ण अपाङ्ग, ९७ जना अति अपाङ्ग र ८६ जना दलित बालबालिका गरी जम्मा २६६२ जनालाई सामाजिक सुरक्षा भत्ता चौमासिक रुपमा प्रदान गरिएको।

**लैगिंक समानता तथा सामाजिक समावेशीकरण :**

**जेष्ठनागरिक,महिला तथा वालवालिका क्षेत्र :**

- ❖ यस आ.ब.०७७/०७८ को हाल सम्मको अवधिमा क वर्गको ६ जना, ख वर्गको ५ जना, ग वर्गको २ जना र घ वर्गको १ जना गरी जम्मा १४ जनालाई अपाङ्ग परिचय पत्र वितरण गरिएको,
- ❖ मुलुककै जेष्ठनागरिक वाटुली लामिछानेलाई गाउँपालिकाबाट नियमित रुपमा मासिक रु १० हजार उपलब्ध गराईएको,
- ❖ यस आ.ब. ०७७/०७८ को हाल सम्म अवधिमा १६७ जना ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिएको,
- ❖ बालबिवाह विरुद्धको जनचेतनामूलक अभियान विभिन्न विद्यालयहरुमा नियमित रुपमा सञ्चालन गरिएको,

- वडा नं ८ र ६ मा मानव वेच बिचविखन तथा ओसार पसार विरुद्धको कार्यक्रम सम्पन्न गरिएको,
- जेष्ठ नागरिक परिचय पत्र वितरणका लागि शिविर सञ्चालन गरिएको,
- दलित समुदायको सिपलाई प्रोत्साहन गर्न सिलाई कटाई सम्बन्धि सामग्री वितरण गरिएको ।

**३.पूर्वाधार विकास :**

**सडक तथा भौतिक पूर्वाधार :**

गत आ.व.मा ठेक्का भई यस आ.ब मा सम्पन्न भएका आयोजनाहरु :

| सि.नं. | योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | रानीपौवा छहरे सडक | २९४४९१४.३७ | २९४०७६३.६६ |
| २ | लामागाउँ तिनघरे पुतली चौतारा खोलापानी सिउडेनी सिमपानी सडक | ३६४४४८८.११ | ३६४२३०३.९७ |
| ३ | राजेन्द्रप्रकाश सहिद मार्ग | ७०८२५८३.९० | ६६५७७३५.९४ |
| ४ | रानीपौवा पित्लेडाडा भट्टीडाडा सरस्वती मावि सडक | २८५६०३४.४५ | २६००१९३.५३ |
| ५ | पैतिसकिलो भिरकुना शिखरखेत सडक | २८२१९१८.४९ | २८०७५७६.९१ |
| ६ | महालक्ष्मी थान नासुघर सडक मर्मत | ३४६५६४७.८७ | ३४६२०८८.७० |
| ७ | विरुवा चाक्लेकुलो हिले भित्ता सडक | २८७९८७६.३४ | २८७५९८६.३४ |

**आ.ब.०७७/०७८ मा ठेक्का प्रकृयामा भएका समपुरक तर्फका आयोजनाको अवस्था:**

| सि.नं. | योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम | अवस्था |
|---|---|---|---|---|
| १ | राजेन्द्र प्रकाश सहिद मार्ग | ९१०४३२८.९८ | ९१००३३० | सम्पन्न |
| २ | रानीपौवा चतुराले डाडाफेदी सडक | | | सम्पन्न हुने क्रममा रहेको |
| ३ | रानीपौवा डाडागाउँ छापथोक सडक | | | सम्पन्न हुने क्रममा रहेको |

**यस आ.ब.०७७/०७८ मा वजेट गाउँपालिकाबाट नै रकम विनियोजन भई सम्पन्न भएका मूख्य मूख्य आयोजनाहरु :**

| सि.नं. | आयोजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम | प्रगति अवस्था |
|---|---|---|---|---|
| १ | कृयापुत्री भवन निर्माण | वडा नं १ | ५ लाख | सम्पन्न |
| २ | सिमटार जलकेनि मोटरबाटो वाल निर्माण | वडा नं १ | ५ लाख | सम्पन्न |
| ३ | ककनी १ सिंचाई निर्माण | वडा नं १ | ५ लाख | सम्पन्न |
| ४ | ओखरपौवा मावि वाल निर्माण | वडा नं १ | ५ लाख | सम्पन्न |
| ५ | पासाङलामु सडक पहिरो सफाई तथा मर्मत | वडा नं १ | १० लाख | सम्पन्न |
| ६ | मदानपुर सिंचाई निर्माण | वडा नं २ | ५ लाख ८७ हजार | सम्पन्न |
| ७ | वधशाला ककनी मोटरबाटो | वडा नं २ | ५ लाख | सम्पन्न |
| ८ | गाविस भवन पुछार टोल मोटरबाटो | वडा नं २ | ५ लाख | सम्पन्न |
| ९ | चलेटार विरुवा वाल निर्माण | वडा नं २ | ५ लाख | सम्पन्न |
| १० | वडा स्तरीय मोटरबाटो सरसफाई | वडा नं ३ | ८ लाख ५० हजार | सम्पन्न |
| ११ | दैलेश्वरी महादेव मन्दिर निर्माण | वडा नं ३ | ५ लाख | सम्पन्न |
| १२ | कालीमारे मानेखर्क मोटरबाटो | वडा नं ३ | २० लाख | सम्पन्न |
| १३ | कोल्पुपुल कालिका मावि लामागाउँ मोटरबाटो | वडा नं ३ | २० लाख | सम्पन्न |
| १४ | ढोका भञ्ज्याङ् खानेपानी ट्याङ्की निर्माण | वडा ३ | ५ लाख | सम्पन्न |
| १५ | भैरवकुण्ड महादेव मन्दिर र महिला समूह | वडा नं ३ | ५ लाख | सम्पन्न |
| १६ | राताटार मुकुन्देश्वरी मोटरवाटो निर्माण | वडा नं ३ | ५ लाख | सम्पन्न |
| १७ | गर्वासी मन्दिर वाल तथा ट्रस निर्माण | वडा नं ४ | ९ लाख | सम्पन्न |
| १८ | शाखा मोटरबाटो सरसफाई | वडा नं ४ | ६ लाख ५० हजार | सम्पन्न |

| सि.नं. | आयोजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम | प्रगति अवस्था |
|---|---|---|---|---|
| १९ | छहरे धनसार मोटरबाटो नाली हयुमपाईप | वडा नं ४ | १८ लाख | सम्पन्न |
| २० | भवानी मावि पछाडी मंगल निर्माण | वडा नं ४ | ५ लाख | सम्पन्न |
| २१ | वडा कार्यालय भवन मर्मत सम्भार | वडा नं ४ | ८ लाख | सम्पन्न |
| २२ | ककनी स्वास्थ्यकेन्द्र मर्मत सम्भार | वडा नं ४ | ९ लाख | सम्पन्न |
| २३ | सिसनेरी जगरे गर्वासी मन्दिर हुँदै सडक निर्माण | वडा नं ४ | १० लाख | सम्पन्न |
| २४ | जुरेथुम भुमेस्थान कटुन्जे मोटरबाटो नाली सहित ढलान | वडा नं ४ | ६ लाख | सम्पन्न |
| २५ | वडा कार्यालय भवन निर्माण | वडा नं ५ | १६ लाख ८० हजार | सम्पन्न |
| २६ | मजुवा महिला आमा तथा सयपत्री युवाक्लव भवन निर्माण | वडा नं ५ | ५ लाख | सम्पन्न |
| २७ | सुन्दरादेविस्थान भञ्ज्याङ हुँदै नागेश्वरी मोटरबाटो स्तरोन्नती | वडा नं ५ | ५ लाख | सम्पन्न |
| २८ | साउने खोल्चा वाल निर्माण | वडा नं ५ | १० लाख | सम्पन्न |
| २९ | हात्तिगौडा सालघारी हुँदै ढुंगेन सिरान मोटरबाटो | वडा नं ५ | ५ लाख | सम्पन्न |
| ३० | केउरेनी जाली वाल निर्माण | वडा नं ६ | ६ लाख | सम्पन्न |
| ३१ | फुलवारी स्वास्थ्य भवन | वडा नं ६ | ५ लाख | सम्पन्न |
| ३२ | पैतिसकिलो कफी फर्मदेखि स्यागु मोटरबाटो | वडा नं ६ | ३१ लाख | सम्पन्न |
| ३३ | खहरे आमवोटे सिमले सिंचाई मर्मत | वडा नं ७ | ५ लाख ३४ हजार | सम्पन्न |
| ३४ | वागा भञ्ज्याङ भस्मेसेडाईगाउँ तुलसीडाडा मोटरबाटो | वडा नं ७ | ६ लाख ६५ हजार | सम्पन्न |
| ३५ | चतुराले वजार सिरुवारीखोलापारी मोटरबाबाटो | वडा नं ७ | ५ लाख ७० हजार | सम्पन्न |
| ३६ | भञ्ज्याङ हाडीखोला भाङवारी जोडने मोटरबाटो | वडा नं ७ | ५ लाख | सम्पन्न |
| ३७ | चतुराले वजार चेप्टेढागा सिकारखेत मोटरबाटो स्तरउन्नती | वडा नं ७ | ६ लाख ६५ हजार | सम्पन्न |

| सि.नं. | आयोजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम | प्रगति अवस्था |
|---|---|---|---|---|
| ३८ | क्षेत्रपाल आवि सिरुवारी वाल निर्माण | वडा नं ७ | ६ लाख | सम्पन्न |
| ३९ | शाखा मोटरबाटो मर्मत | वडा नं ७ | १० लाख ९३ हजार | सम्पन्न |
| ४० | खेलकुद मैदान निर्माण | वडा नं ७ | ५ लाख ७० हजार | सम्पन्न |
| ४१ | वलामीगाउँ खानेपानी | वडा नं ७ | ५ लाख | सम्पन्न |
| ४२ | पुतलीचौतारा खोलापारी सिउडेनी हुँदै सिमपानी जोडने मोटरबाटो | वडा नं ८ | ९ लाख | सम्पन्न |
| ४३ | सिन्दुरेखोला पुल ढलान | वडा नं ८ | ८ लाख | सम्पन्न |
| ४४ | ककनी ८ वडास्तरिय मोटरबाटो | वडा नं ८ | ८ लाख | सम्पन्न |

**प्रदेश सरकारको कार्यक्रम अन्तर्गतका आयोजनाहरु :**

| सि.नं. | योजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | काउलेदेवि आवि कम्पाउण्ड निर्माण | वडा नं २ | १० लाख | सम्पन्न |
| २ | डण्ड विरे जगरेहिले गर्वासि मन्दिर खानेपानी | वडा नं ४ | ३० लाख | सम्पन्न |
| ३ | फुङफुङे झरना पर्यटक स्थल निर्माण | वडा नं ४ | २० लाख | सम्पन्न |
| ४ | सिम्ले निपुन्ञ लाकुरी हुँदै सरस्वती मावि मोटरबाट | वडा नं ५ | १० लाख | सम्पन्न |
| ५ | पौवा ढुंगेन नागेश्वरी मोटरबाटो | वडा नं ५ | १० लाख | सम्पन्न |
| ६ | डाँपेखोला मुहानगरी सौर्यखोला हुँदै पुतलीचौतारा सिंचाई | वडा नं ८ | २० लाख | सम्पन्न |

**संघीय सरकार अन्तरगतका आयोजना :**

| सि.नं. | योजनाको नाम | कार्य क्षेत्र | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लामागाउँबाट अजरंग हिलेखोला सडक निर्माण | वडा नं ३ | १० लाख | सम्पन्न |

**आवासीय पुनर्निर्माण तथा प्रवलिकरण सम्बन्धि बिवरण :**

| पुनर्निर्माणको अवस्था | | प्रवलिकरणको अवस्था | | जोखिम वर्गमा परेका लाभग्रही विवरण | |
|---|---|---|---|---|---|
| कुल लाभग्राही संख्या | ७०५४ | कुल लाभग्राही संख्या | १८२ | कुल लाभग्राही संख्या | ८५ |
| अनुदान सम्झौता | ६९४२ | अनुदान सम्झौता | १७८ | पहिलो किस्ता प्राप्त गर्ने | ८२ |
| पहिलो किस्ता प्राप्त गर्ने | ६९४२ | पहिलो किस्ता | १७२ | दोस्रो किस्ता प्राप्त गर्ने | ७८ |
| दोस्रो किस्ता प्राप्त गर्ने | ६७२७ | अन्तिम किस्ता प्राप्त गर्ने | २५ | अन्तिम किस्ता प्राप्त गर्ने | ७७ |
| अन्तिक किस्ता प्राप्त गर्ने | ६५०२ | | | | |

**वैकल्पिक उर्जा :**

- ❖ रानीपौवामा थप १६ सडक वत्तिको विस्तार भईसकेको ।

**४.वातावरण तथा विपद् व्यवस्थापन-**

- ❖ कोभिड-१९ लाई व्यवस्थापन गर्ने आईसोलेसन केन्द्र निर्माण भएको,
- ❖ यस आ.ब.०७७/०७८ को हाल सम्म ३४ जनालाई रु २५ हजारका दरले राहत सहयोग उपलब्ध गराईएको,
- ❖ वर्षायाममा पासाङ्ल्हामु राजमार्गलाई गाउँपालिकाको बजेट प्रयोग गरी नियमित सुचारु गरिएको,
- ❖ गाउँपालिकामा छुट्टै कोरोना रोकथाम तथा नियन्त्रण कोषको प्रबन्ध मिलाईएको,
- ❖ गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना भएको,
- ❖ पालिका  एवं वडा स्तरमा कोभिड तथा अन्य विपद् व्यवस्थापन समितिहरु गठन तथा परिचालन गरिएको ।

**५.संस्थागत विकास, सेवा प्रवाह  तथा सुशासन-**

- ❖ पञ्जिकरण तथा समाजिक सुरक्षा कार्यक्रमलाई MIS मार्फत अध्यावधिक गरिएको  र बैंक मार्फत खाता खोलि बैंङ्किङ् प्रणालीबाट भुक्तानीको प्रबन्ध मिलाईएको,
- ❖ न्यायीक समितिको समन्वयमा मेलमिलाप सम्वन्धि  आधारभूत तालिम संचालन गरिएको,
- ❖ गाउँपालिकाको लेखा प्रशासनलाई सुत्रमा आधारित लेखा प्रणालीमा व्यवस्थित गरि वित्तीय अनुशासन पालन गरिएको ।
- ❖ सूचना अधिकारी मार्फत सूचनाको हकलाई प्रचलनमा ल्याईएको,
- ❖ गाउँकार्यपालिकाको भवन निर्माण टेण्डर प्रकृया अगाडी वढाइएको,
- ❖ भुमिहिन सुकुम्वासीको व्यवस्थापनका लागि लगत संकलन गरिएको,
- ❖ वडा नं ८ मा स्वास्थ्य चौकी भवन र वडा नं ७ मा वडा कार्यालय निर्माण भईरहेको ।

**न्यायिक समिति  :**

- ❖ गाउँपालिका स्थित न्यायिक समितिमा ०७७ श्रावण देखि हाल १७ ओटा मुद्दा दर्ता भएकोमा १४ ओटा फर्छ्यौट भई सकेको र अन्य फर्छ्यौटको क्रममा रहेको,
- ❖ कर्मचारी तथा जनप्रतिनिधिका लागि क्षमता विकास तालिम सञ्चालन भएको,
- ❖ न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई अन्तर जिल्ला भ्रमण अवलोकन गराईएको,
- ❖ यस आ.ब. ०७७/०७८ मा निम्न लिखित ४ ओटा कानुन निर्माण गरिएको:

१. ढुंगा, गिटी वालुवा उत्खनन् तथा प्रशोधन कार्यविधि २०७७
२. कोरोना भाईरस ( कोभिड-१९) संक्रमण रोकथाम, उपचारकोष सञ्चालन तथा राहत वितरण कार्यविधि २०७७
३. गाउँपालिका स्तरीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७
४. ककनी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

अव म आ.व २०७८/७९ को नीति कार्यक्रम तथा वजेटका सोच, गन्तव्य, लक्ष्य, उद्देश्य, अपेक्षित उपलब्धि तथा प्राथमिकताका क्षेत्रहरु तपशिल वमोजिम प्रस्तुत गर्न चाहान्छु :

**(क) सोच (VISION):**

नेपाल सरकारले अघि सारेको समृद्ध नेपाल सुखी नेपालीको अभियानलाई सफल र सार्थक तुल्याउँदै ऐतिहासिक, सांस्कृतिक,पर्यटकीय समृद्ध ककनीको आधार शिला तयार गर्ने।

**(ख) गन्तव्य (MISSION):**

आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन सुधार आदिका माध्यमवाट मानवीय विकास सूंचकाङ्कमा स्तरउन्नती गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने।

**(ग) लक्ष्य (GOALS):**

- ❖ पारदर्शी प्रशासन, दिगो विकास र न्यायपूर्ण आर्थिक समृद्धि हासिल गर्दै, महिलामैत्री, अपाङ्गमैत्री, बालमैत्री र वातावरणमैत्री सुन्दर गाउँ निर्माण गर्ने।
- ❖ सेवाग्राहीमैत्री कार्यालय भवन, भौतिक पुर्वाधार कार्यक्षमता सहितको जनशक्ति विकास गर्दै सेवाग्राहीमैत्री प्रशासन निर्माण गर्ने।
- ❖ शुद्ध खानेपानीका लागि उचित स्थानहरुमा डिप वोरिङ्ग जडान गर्ने साथै गाउँका स्थानीय मुहानहरुको संरक्षण गरि खानेपानीलाई गाउँपालिका ईलाकामा वितरण गर्ने व्यवस्था मिलाउन पहल गर्ने ।
- ❖ भू-उपयोग नक्साङ्कन योजना निर्माण गर्ने।
- ❖ तिन वटै सरकारको संयुक्त पहलमा गाउँ अस्पताल व्यवस्थित रुपमा संचालन गर्ने।

- ❖ गाउँभित्रका सवै सार्वजनिक सम्पतिहरुको अभिलेखन गरि संरक्षण गर्ने ।
- ❖ थप प्राविधिक शिक्षालयको स्थापना गर्न केन्द्रिय सरकार संग पहल गर्ने ।
- ❖ गाउँपालिकास्तरिय तथा वडा स्तरीय खेलकूद मैदान निर्माणको लागि पहल गर्ने ।
- ❖ गाउँभित्रका ऐतिहासिक धरोहरहरुको पुननिर्माण तथा जिर्णोद्धार गर्न विषेश पहल गर्ने ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यूवा परिचालन क्रियाशिलताको लागि विभिन्न आयोजनाहरु वनाई कार्यक्रम अघि वढाउने साथै यूवा उद्यमशिलता एंव परिचालनमा जोड दिने ।

**(घ) उद्देश्य (OBJECTIVES):**

- ❖ सुशासनको प्रत्याभुति ।
- ❖ गाउँको मौलिक विषेशता र पहिचान प्रवर्द्धन ।
- ❖ सीपयुक्त दक्ष्य जनशक्ति विकास ।
- ❖ सामाजिक सुरक्षा र दिगो शान्तिको विकास ।
- ❖ वातावरणमैत्री, वालमैत्री, महिलामैत्री तथा अपाङ्गमैत्री स्वच्छ सुन्दर गाउँ निर्माण ।
- ❖ विकसित गाउँ ।
- ❖ पर्यटन पुर्वाधार निर्माण र प्रवर्द्धन सहित रोजगारीमा वृद्धि ।

**(ङ) अपेक्षित उपलव्धि:**

- ❖ गाउँपालिकाको आफ्नै प्रशासनिक भवन निर्माण सम्पन्न भई सेवा प्रवाह थप व्यवस्थित हुनेछ ।
- ❖ खानेपानीको सहज व्यवस्था मिलाउनको लागि डिपवोरिङ्ग तयार तथा स्थानीय मुहानहरुको व्यवस्थापन भै शुद्ध पानी वितरण भएको हुनेछ ।
- ❖ गाउँका गौरवका केहि योजनाहरुको DPR तयार सम्पन्न भएको हुनेछ ।
- ❖ गाउँका मुख्य मुख्य सडकहरुमा नाली निर्माण भै ग्राभेलिङ्ग भएको हुनेछ ।
- ❖ जनप्रतिनिधि तथा कर्मचारीहरुमा अनुभव र क्षमतामा थप परिपक्वता सृजना भई कार्य सम्पादनमा परिस्कृत भएको हुनेछ ।
- ❖ राजस्व संकलनमा थप वढोत्तरी हुनेछ ।
- ❖ कर्मचारी -जनप्रतिधि वीच सम्वन्ध सुद्धृढ तथा सुमधुर भएको हुनेछ ।
- ❖ सूचना तथा संचारका दृष्टिले गाउँपालिकामा विद्युतिय प्रविधिको प्रयोग वढ्दै गएको हुनेछ ।
- ❖ गाउँ विकास र संबृद्धिमा गाउँवासीको अपनत्व वृद्धि हुनेछ ।
- ❖ गाउँवासीमा स्थानीय सरकारको महत्वमा वृद्धि भई स्थानीय सरकारको महशुस हुनेछ ।

**(च) प्राथमिकता**

माथि उल्लेखित सोच, गन्तव्य, लक्ष्य, उद्देश्य, अपेक्षित उपलव्धि तथा प्राथमिकताका आधारहरुमा देहाय वमोजिमको विषयगत क्षेत्रहरुमा कूल विकास वजेटबाट रकम वाँडफाँड गर्ने गरी आयोजना छनौट गर्ने प्राथमिकता सहितको नीतिगत व्यवस्था मिलाएको छु ।

१. कोभिड-१९ को महामारी नियन्त्रण तथा रोकथाम,

२. संस्थागत संरचना निर्माण,

३, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र पशुपालन,

३. पुर्वाधार निर्माण,

४. रोजगारी वृद्धि,

५.असमानता र गरिबी न्यूनिकरण,

६. मानवीय क्षमता विकास,

७. दिगो विकास र पर्यावरणीय संरक्षण,

८. शान्ति, सदभाव, सु-व्यवस्था र विधिको शासनको प्रत्याभूति ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

अव म यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्दा अवलम्वन गरिएका मुख्य आधारहरु निम्न अनुसार रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

**निम्न :**

- ❖ नेपालको संविधान,
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४
- ❖ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४
- ❖ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ❖ संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्ड,
- ❖ स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दीग्दर्शन,
- ❖ राजस्व परामर्श समितिको प्रतिवेदन.
- ❖ श्रोत तथा वजेट सीमा निर्धारण समितिको सिफारिस,
- ❖ संघीय तथा वाग्मती प्रदेश सरकारको वार्षिक वजेट,
- ❖ संघीय सरकारको विभिन्न परिपत्र तथा निर्देशनहरु,
- ❖ नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धतावाट सृजित दायित्वहरु,

- ❖ निर्वाचनका वेला गाउँवासी सामू गरेका प्रतिवद्धता एंव घोषणापत्रहरु,
- ❖ वडाहरुको जनसंख्या,भूगोल, क्षेत्रफल, खर्चको आवश्यकता, राजस्व क्षमता, पुर्वाधारको अवस्था,
- ❖ यस क्षेत्रका संघीय सासंद ज्यू, प्रदेश सभा सदस्य ज्यूहरु, राजनैतिक दलका प्रतिनिधिहरु एंव विषय विज्ञहरुको सल्लाह सुझाव एंव मार्गनिर्देशन आदि।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

अव म आगामी आ.व २०७८/७९ को वजेटका उद्देश्यहरु हासिल गर्न देहाय वमोजिमको नीति कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

**१.आर्थिक विकास :**

**(क) कृषि तथा पशुपालन:**

१. **"ककनीको शान उद्यमशिल किसान"** को आदर्श वाक्यलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न गाउँपालिकाको कृषि शाखामा माटो परीक्षण केन्द्र स्थापना गरी स्थानीय भुगोल र हावापानी सुहाउँदो व्यवसायिक कृषि पेशा अवलम्बन गर्न ईच्छुक सम्पूर्ण कृषकहरुलाई निशुल्क माटो परीक्षण गर्ने व्यवस्था मिलाईनेछ, जसका लागि आवश्यक पर्ने बजेटको यथेष्ठ प्रबन्ध गरिनेछ।

२. पोषणयुक्त हिउँदे र वर्षे तरकारी उत्पादनलाई प्रोत्साहित गर्न लागत साझेदारीमा मिनि टिलर तथा टनेल वितरण कार्यलाई निरन्तरता दिदै स्थान सुहाउँदो विउविजन र फलफुलका विरुवा वितरणलाई निशुल्क उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ भने कृषका लागि मकै छोडाउने मेसिन उपलब्ध गराई कृषिलाई यान्त्रिकरण गर्न थप जोड दिईनेछ।

३. संघीय तथा प्रदेश सरकार संगको साझेदारीमा गाउँपालिकाको सदरमुकाम केन्द्रमा सित भण्डारको प्रबन्ध मिलाई किवि, स्टवेरी, मुला, आलु लगायतका फलफुल तथा तरकारी भण्डारण गर्ने प्रबन्ध मिलाई बजारको सुनिश्चितता गरिनेछ।

४. स्ट्रवेरी, मूला, किवी, आलु , रेन्वो ट्राउट तरकारी फलफूल र जडिबूटी यस क्षेत्रका पहिचान प्राप्त खेतीलाई थप व्यावसायीकता तथा आधुनिकीकरणको लागि आवश्यक पहल गरिनेछ।

५. सामुहिक तथा सहकारी खेतीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ, कृषकहरुलाई प्रदेश सरकार तथा स्थानीय तहले उपलव्ध गराउने विभिन्न सुविधाहरु तथा अनुदानहरु प्रदान गर्न कार्यविधि बनाई व्यवस्थित गरिनेछ।

६. स्थानीय मौलिक पहिचान र उच्च उत्पादकत्व भएका वीउ विजनको संरक्षण र विस्तारमा जोड दिने र ककनीको जैविक स्रोत र परम्परागत ज्ञान सिपको संरक्षण र प्रचारप्रसार गरिनेछ ।

७. हाल विश्वमा फैलिरहेको विभिन्न महामारीले निम्त्याउन सक्ने भोकमरीको चरम समस्यालाई मध्यनजर गर्दै कृषि उत्पादनमा वृद्धि गर्न विशेष कार्यक्रमको व्यवस्था गरिनेछ, जसका लागि कृषिमा **"नविनतम प्रविधि ककनीको समृद्धि"** भन्ने आदर्श वाक्यलाई आत्मसाथ गर्दै कृषकलाई उन्नत विउ विजनमा अनुदान, कृषि यान्त्रिकिकरण

विशेष अनुदान, प्राविधिक सेवा लगायत कृषकको क्षमता अभिवृद्धिको लागि आवश्यक कार्यक्रमको व्यवस्था गरिनेछ।

८. बाली तथा पशु वीमा र कृषिकर्जा सहजीकरणको लागि आवश्यक समन्वय गरिनेछ।

९. दश रोपनी भन्दा वढी जग्गामा व्यावसायिक खेती गर्ने कृषक तथा भुमिहिन व्यावसायिक कृषि गर्ने कृषकहरुलाई विशेष अनुदानमूलक कार्यक्रमको व्यवस्था गरिनेछ।

१०. व्यवसायिक पशु तथा कृषि फर्मको वर्गीकरण गरि सोहि बमोजिम अनुदानको व्यवस्था गरिनेछ।

११. पशु नश्ल सुधार पद्धतीको विकास तथा व्यवस्थापनको लागि आधुनिक प्रविधिको उपयोग गरिनेछ।

१२. व्यवसायिक पशुपालकहरुको लागि व्यवसायिक फर्म सुदृणिकरण गर्न आवश्यक पर्ने अनुदान सहयोग उपलब्ध गराईनेछ, गाउँपालिकामा आफ्नो फर्म दर्ता तथा अभिलेखीकरण गर्ने कार्यलाई ब्यबस्थित गरिनेछ।

१३. वडा नं १ लाई आलु र तरकारी, वडा नं २ लाई स्टवेरी र वाख्रा, वडा नं ३ लाई वाख्रा र आलु, वडा नं ४ लाई किवि र मुला, वडा नं ५ लाई अलैची, वडा नं ६ लाई कफी, वडा नं ७ लाई वाख्रा र वडा नं ८ लाई आलु र सुन्तला पकेट क्षेत्रको रुपमा अगाडी वढाई सोही बमोजिम कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।

१४. पशुहरुमा लाग्ने महामारी रोगहरुको बिरुद्ध नियमित खोप )HSBQ, FMD, PPR र Anti-Rabies, आदि ( निशुल्क रुपमा लगाईनेछ।

१५. गोठ सुधार गरि गाउँवासीको स्वास्थ्यमा सहजता ल्याउने खालका कार्यक्रमहरु दाताको सहयोगमा संचालन गरिनेछ।

१६. गाउँपालिका स्तरिय तरकारी संकलन केन्द्रलाई निरन्तरता दिई थप व्यवस्थित बनाईनेछ ।

१७. ट्राउट माछा भुरा उत्पादनलाई प्राथमिकता दिदै व्यवसायिक प्रविधि अपनाई माछा पालन गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ।

१८. गाउँपालिका भित्रका सबै वडामा कृषि पेशा व्यवसाय गरी उत्कृष्ठ रुपमा कार्य गरिरहेका कृषकहरुलाई मापदण्डका आधारमा पुरस्कृत गरिने छ।

**(ख) पर्यटन क्षेत्रः**

१९. "**पर्यटकिय क्षेत्रको विकासमा वृद्धि ककनीको समृद्धि**" भन्ने आदर्श वाक्यका साथ उत्कृष्ट पर्यटकिय गन्तव्यका रुपमा यस गाउँपालिकालाई विश्वमै चिनाउने गाउँपालिकाको प्रमूख पर्यटकिय क्षेत्रहरु ककनीहाईट, फूङफूङे झरना, लौके झरना, मूलमूले झरनामा जाने सहासिक पदमार्ग निर्माण आयोजना गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालनमा ल्याईनेछ भने सञ्चालनमा रहेका ककनी काउलेथाना-रानीपौवा गोडेश्वर- जगरे हिले-गर्वासे महादेव मन्दिर हुँदै चिम्टेश्वर जोडने पदमार्गलाई प्रदेश सरकारको साझेदारीमा सम्पन्न गरिनेछ।

२०. ककनी गाउँपालिका वडा नं २ मा जन्मनु भएका ख्याती प्राप्त राष्ट्रिय कलाकार **श्री अर्जुन घिमिरे ( पाँडे )** लाई ककनीको छोरोको उपनामले सम्मान गरी वहाँलाई **सदभावना पर्यटन दुत** को रुपमा नियुक्ति गरिनेछ, साथै स्थानीय कलाकारहरुलाई पर्यटन विकासमा आवद्ध गरिनेछ।

२१. ककनी भ्रमणमा आउने स्वदेशी तथा विदेशी पर्यटकहरुलाई पथ प्रदर्शनमा सहयोग गर्ने जनशक्ति स्थानीय स्तरमा उत्पादन गर्न पर्यटन संग सम्बन्धित आधारभुत तालिम सञ्चालन गरिनेछ।

२२. यस गाउँपालिका क्षेत्रमा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्वका सम्पदाहरुको स्तरोंन्नती तथा मर्मतसम्भार कार्यलाई निरन्तरता दिईनेछ।

२३. गाउँपालिका भित्रका विभिन्न क्षेत्रमा होमस्टेको सम्भाव्यता अध्ययन गर्नुको साथै सोको संचालनको लागि आवश्यक तालिम तथा समन्वयको व्यवस्था मिलाईनेछ।

**(ग) सहकारी:**

२४. ककनी गाउँपालिकाको जिल्ला सहकारी सँघ ककनी गाउँपालिका समन्वय उपसमितिको सहकार्यमा सहकारी सम्बन्धि अन्तरकृया, क्षमता तथा नेतृत्व विकास तालिम तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

२५. गाउँपालिकाको सहकारी दर्ता, नविकरण, समायोजन तथा एकिकरण तथा अन्य उद्देश्यहरुलाई थपघट गरिनेछ।

२६. सहकारी वचत तथा ऋण परिचालन मापदण्ड वमोजिम नियमन गरिनेछ, साथै सवै सहकारीहरुलाई सहकारी तथा गरिवी सम्वन्धि व्यवस्थापन सूचना प्रणालीमा आवद्ध गराई व्यवस्थित बनाईनेछ।

२७. महिला, गरिब, सिमान्तकृत, भिन्न क्षमता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएको वर्ग र श्रमिकको जीवनस्तर सुधार ल्याउन सहकारी पद्दतिको व्यवसायमा पहुँच बढाईनेछ।

२८. सहकारीको वचतकर्ताहरुको बचतको सुरक्षाको प्रत्याभूति गर्न आवश्यक व्यवस्था गरिनेछ।

२९. कृषि सहकारीका माध्यमवाट उत्पादन मूलक क्षेत्रमा सामूहिक लगानी र करार खेती गर्न आवश्यक सहजिकरण तथा प्रेरित गरिनेछ।

**(घ) उद्योग तथा वाणिज्य:**

३०. **"गाउँमै रोजगार गर्वको आधार"** भन्ने आदर्श वाक्यका साथ बैदेशिक रोजगारबाट फर्किएका स्थानीय युवा, कोभिड-१९ बाट संक्रमित, न्यून आए भएका एवं गरिव परिवारलाई उद्यम सञ्चालनमा विशेष सुविधा उपलब्ध गराईनेछ।

३१. **"सीप सिकौं रोजगार बनौं"** अभियानलाई निरन्तरता दिदैं उक्त अभियानलाई थप सार्थक बनाउन स्थानीय स्तरमा रहेका विपन्न, दलित वर्गहरुलाई विशेष कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ।

३२. लघु, घरेलु तथा साना उद्योगको विकास लागि दर्ता, नविकरण, क्षमता वृद्धि, पुँजी वृद्धि लगायतका कार्यहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

३३. व्यापारिक फर्म, पसलको दर्ता, अनुमति, नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाईनेछ।

३४. गाउँपालिकाको उपयुक्त स्थानमा औद्योगिकग्रामको सम्भाव्यता अध्ययन गरी सोको स्थापना गर्नका लागि संघीय सरकार सँग विशेष पहल गरिनेछ ।

३५. स्थानीय स्तरमा रोजगारी सृजना गर्ने उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने उद्यमहरुलाई प्राथमिकतामा राखी प्रोत्साहन गरिनेछ, यस्ता उद्यमहरुको विकास, विस्तार तथा प्रबर्धन गर्न उपयुक्त नीति नियम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

३६. गाउँपालिका भित्र लघु, घरेलु, साना उद्योगको स्थापना गर्न **साझा सुविधा केन्द्र** विस्तार गरिदै लगिनेछ ।

३७. गरिवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रम मार्फत स्थानीय स्तरमा न्यून आय भएका दलित, आदिवासी, जनजाती, एकल महिला, भिन्न क्षमता भएका र पिछडिएको वर्गलाई लक्षित गरी वडामै कार्यक्रम सञ्चालनको प्रबन्ध मिलाइनेछ ।

३८. गाउँपालिका भित्र रहेका उद्योग, व्यवसाय, प्रतिष्ठानको प्रभावकारी रुपमा वजार अनुगमनलाई तिव्रता दिइनेछ ।

**(ङ.) वित्तीय क्षेत्र:**

३९. वैक, लघुवित्त कम्पनी आदिलाई क्रमश वडास्तरमा विस्तार गर्दै लगिने नीति लिईनेछ ।

४०. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय क्षेत्रहरुलाई पुर्वाधार निर्माण तथा अन्य सामाजिक कार्यका लागि जिम्मेवार वनाईनेछ ।

**(च) प्रधानमन्त्री रोजगार कार्यक्रम:**

४१. गाउँपालिका भित्र रहेका वेरोजगार हरुको शुक्ष्म रुपमा पहिचान गरी प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्धताको विशेष प्रबन्ध मिलाउदै कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्ने प्रबन्ध मिलाइनेछ ।

४२. रोजगार सेवा केन्द्रको संस्थागत विकासमा जोड दिईनेछ ।

## २.सामाजिक विकास:

**(क) शिक्षा:**

४३. गाउँपालिकाको दश वर्षे नयाँ शिक्षा क्षेत्र योजना २०७८-२०८८ लाई प्राथमिकताका साथ क्रमश: कार्यान्वयनमा लगिनेछ ।

४४. आवश्यकताको आधारमा नयाँ विद्यालय खोल्ने, स्तर वृद्धि गर्ने, एकीकृत गर्ने, कक्षा थप गरी समुदायको हितमा प्रयोग गर्ने नीति लाई निरन्तरता दिइनेछ ।

४५. सुन्य दरवन्दि रहेका गाउँपालिकाका विभिन्न विद्यालयहरुलाई पहिलो प्राथमिकतामा राखी शिक्षण सिकाई अनुदान मार्फत शिक्षक व्यवस्थापनलाई थप प्रभावकारी वनाईनेछ ।

४६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको पेशागत क्षमता वृद्धिका लागि तालिम, अवलोकन भ्रमणको उचित व्यवस्थापनको लागि आवश्यक कार्यक्रम बनाई लागू गरिनेछ ।

४७.शिक्षकहरुलाई कार्यसम्पादनका आधारमा मुल्याङ्कन गरी पुरस्कार र दण्डको व्यवस्था लाई थप प्रभावकारी बनाईनेछ।

४८.गाउँपालिकाभित्र संचालनमा रहेका संस्थागत विद्यालयहरुलाई सेवामुलक बनाइनेछ।

४९.सामुदायिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रमहरु संचालन गर्दै लगिनेछ।

५०.**"सबैका लागि गुणस्तरीय शिक्षा"** भन्ने आदर्श वाक्यलाई आत्मसात गर्दै सवै गाउँवासीहरुलाई शिक्षामा पहूँच पुर्याउन विशेष योजना तथा कार्यक्रम संचालन गरिनेछ।

५१.सामुदायिक विद्यालयहरुलाई वातावरणमैत्री र प्रविधियुक्त वनाउन **"एक शिक्षक एक ल्यापटप एक कक्षाकोठा एक प्रोजेक्टर" तथा Smart School** अवधारणालाई संघीय तथा प्रदेश सरकारको समन्वयमा कार्यान्वयनमा ल्याईनेछ।

५२.स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाई केन्द्रको गुणात्मक सुधार गरिनेछ।

५३.अभिभावक शिक्षा, निरन्तर शिक्षा, जीवन उपयोगी सिकाई तथा महिला शिक्षामा जोड दिईनेछ।

५४.स्थानीय पाठ्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ।

५५.पढाई मेला, अतिरिक्त तथा सहकृयाकलाप सञ्चालन गरी पठन संस्कृतिको विकास गरिनेछ ।

५६.थप प्राविधिक विद्यालय तथा शिक्षालय स्थापना तथा संचालनको लागि स्थान पहिचान गरि संघ र प्रदेशमा आवश्यक पहल गरिनेछ।

५७.टुहुरा, अपाङ्ग, द्वन्द पिडित, सहिद वेपत्ता, घाईते तथा अपाङ्ग परिवारका बालबालिकालाई विशेष छात्रवृत्ति वितरण कार्यलाई निरन्तरता दिदै त्यस्ता बालबालिकाहरुलाई पोशाक उपलब्ध गराउने प्रबन्ध मिलाईनेछ ।

५८.विद्यार्थीको मूल्याङ्कन प्रणालीलाई व्यवस्थित बनाउन विद्यालयले गर्दै आएका सबै किसिमका परीक्षाहरु गाउँपालिकाबाट क्रमश व्यवस्थित गर्दै लगिनेछ।

५९.बैकल्पिक सिकाइका लागि CUG SIM, Free Wife Zone, टोल शिक्षा, फोनइन सिकाई तथा स्वअध्ययनको वातावरण सृजना गरी कोभिड-१९ बाट हुने शैक्षिक क्षतीलाई न्यूनिकरण गरिनेछ।

६०.विद्यालय कर्मचारी, बालबिकास केन्द्रका शिक्षकहरुको लागि श्रम ऐनले तोके अनुसारको न्यूनतम तलब सुविधा दिने व्यवस्था क्रमश कार्यान्वयनमा ल्याईनेछ।

६१.गाउँपालिका भित्रका विभिन्न विद्यालय, स्वास्थ्य संस्था लगायत गाउँपालिकाको मातहतमा सञ्चालनमा रहेका कार्यालयहरुमा कार्यरत शिक्षक, कर्मचारी तथा स्वास्थ्य स्वयंसेविकाहरुले उमेर वढी भएका कारण सेवावाट स्वेच्छिक अवकास लिन चाहेमा त्यस्ता शिक्षक, कर्मचारी तथा स्वास्थ्य स्वयंसेविकाहरुलाई मापदण्डका आधारमा प्रोत्साहन प्याकेजको प्रबन्ध मिलाइनेछ।

६२.एक विद्यालय एक नर्स कार्यक्रमलाई प्रदेश सरकारको समन्वयमा थप विस्तार गरिनेछ।

६३. गाउँपालिका भित्रको सामुदायिक विद्यालयबाट SEE परीक्षामा उत्कृष्ठ नतिजा ल्याउने एक-एक जना छात्र र छात्रालाई ब्राण्डेड ल्यापटप सहित सम्मान गर्ने कार्यको थालनी गरिनेछ।

६४. ककनी गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बालबिकास केन्द्रदेखि कक्षा ५ सम्म बालबालिकालाई उपलब्ध हुने खाजा घरेलु उत्पादन (Home Grown School Feeding Approach ) मा आधारित बनाई पालिकास्तरमा एकरुपता कायम गर्ने प्रबन्ध मिलाईनेछ।

**(ख) लैङ्गिक समानता र सामाजिक समावेशीकरण:**

६५. जेष्ठ नागरिकमा भएको अनुभव, ज्ञान र सीपलाई नयाँपुस्तामा हस्तान्तरण गर्न नीति निर्माण, अनुसन्धान तथा वौद्धिक ज्ञान विस्तारका क्षेत्रमा जेष्ठ नागरिकहरुलाई सहभागि गराउने नीति अवलम्वन गरिनेछ।

६६. नेपाल सरकारवाट उपलव्ध गराईने सामाजिक सुरक्षा भत्ता बैंक मार्फत उपलब्ध भई आएकोमा सोलाई थप सहज र प्रभावकारी वनाईनेछ।

६७. महिला, दलित, एकल महिला, आदिवासी जनजाति, द्धन्द्ध प्रभावित, सहिद परिवार, अपाङ्ग तथा घाईतेहरुलाई आयमूलक, सीपमूलक, क्षमता अभिवृद्धि र लक्षित वर्ग कार्यक्रम संचालनमा बिशेष प्राथमिकता दिईनेछ।

६८. लैङ्गिक हिंसा, शोषण, मानव वेचविखन, विभेद तथा दुर्ब्यवहारलाई शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ।

६९. बालअधिकार र बालसंरक्षणलाई सुनिश्चित गर्न बालक्लब र बाल संजालहरु गठन तथा प्रशिक्षणको व्यवस्था मिलाईने छ।

७०. किशोरीहरुको लागि सूचना तथा परामर्श केन्द्रको स्थापनाको साथै किशोरी समूहहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।

७१. पाँच देखि पनध्र वर्ष सम्मका टुहुरा बालबालिकाका लागि नगद सहायता प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

७२. भिन्न क्षमता भएकाहरुको लागि क्षमता विकास, सिप विकास तथा आयमूलक कार्यक्रम संचालन गरिनेछ।

७३. **"ककनीको भविष्य बालविवाहको अन्त्य"** भन्ने आदर्श वाक्यका साथ वालविवाहलाई पूर्ण रुपमा शुन्यमा लगिनेछ।

७४. **"एक सञ्जाल एक उत्पादन"** कार्यक्रम लाई निरन्तरता दिइने।

७५. हिंसा पिडित महिलाहरुलाई व्यवस्थापन गर्नका लागि सुरक्षित घर ( Safe House) निर्माण गर्न पहल गरिनेछ।

७६. **"एकल महिला संग उपाध्यक्ष"** कार्यक्रम मार्फत एकल महिला सञ्जाल गठन गरी निजहरुलाई आयआर्जनमूलक कृयाकलापमा संलग्न गर्ने प्रबन्ध मिलाईनेछ।

७७. अन्तराष्ट्रिय श्रमिक महिला दिवस लगायतका दिवस महिला विरुद्ध हुने हिंसाको सप्ताहव्यापी कार्यक्रम तय गरी भव्य रुपमा गरिनेछ।

७८. दलित एकल महिलाको रोजगारीका लागि आवश्यक तालिमको प्रबन्ध मिलाईनेछ।

**(ग) युवा तथा खेलकुद:**

७९. समग्र खेलकुद क्षेत्रको विकास र विस्तारका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद सम्बन्धि गतिविधिलाई गाउँपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने व्यवस्था मिलाईनेछ।

८०. गाउँपालिकामा खेलकुद प्रशिक्षकको प्रबन्ध गरी खेदकुदका गतिविधिहरुलाई प्रभावकारी गराईनेछ।

८१. हाल गाउँपालिकाको वडा नं ४ मा रहेको खेलकुद मैदानलाई थप स्तरोन्नती गरी प्रत्येक वडामा वडाध्यक्ष कप र पालिका स्तरमा अध्यक्ष कप खेलकूदको आयोजना गरी खेलकुदको प्रवर्धन गर्न आवश्यक प्रबन्ध मिलाईने छ।

८२. कर्मचारी जनप्रतिनिधि मैत्री खेलकुद प्रतियोगिताको आयोजना गर्ने व्यवस्था मिलाईनेछ।

८३. अन्तर गाउँपालिकास्तरिय खेलकूद प्रतियोगिता संचालन गर्न पहल गरिनेछ।

८४. प्रत्येक वडामा एक खेलकूद मैदान निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

८५. सामुदायिक विद्यालयहरुका खेलकूद मैदानको स्तरउन्नती गरी खेदकूद सामाग्री वितरण गरिनेछ।

**(घ) स्वास्थ्य:**

८६. चिकित्सक तथा स्वास्थ्य कर्मीको सिफारिसमा ७० वर्ष र सोभन्दा माथीका जेष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला, सहिद तथा वेपत्ता परिवारका सन्तती, घाईते तथा अपाङ्ग, टुहुरा बालबालिका र दिर्घ रोगीहरुलाई गाउँपालिकाबाट सञ्चालित ल्याव एवं XRAY, ECG सेवा र औषधी निशुल्क रुपमा उपलब्ध गराउने व्यवस्थालाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।

८७. गाउँपालिका भित्र प्रशुति हुन नसकि रेफर गरिएका गर्भवति महिला, वाढी, पहिरो, चट्याङ जस्ता प्राकृतिक प्रकोपबाट घाईते भई अन्यत्र रेफर गरिने स्थानीयवासी, ७० वर्ष माथीका जेष्ठ नागरिक, क वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति र सहिद तथा वेपत्ता पारिएका व्यक्तिको एकासगोलको परिवार तथा घाईते तथा अपाङ्गहरुलाई गाउँपालिकाबाट सञ्चालनमा ल्याईने एम्बुलेन्स सेवा निशुल्क गरिनेछ।

८८. चिकित्सा शिक्षा आयोगबाट सञ्चालन हुने MBBS अध्ययनको प्रबेश परीक्षा उत्तिर्ण गरी रकम अभावमा MBBS पढन नपाएका गाउँपालिका क्षेत्रभित्रका आर्थिक रुपले विपन्न भएका १ जनालाई गाउँपालिकामा कम्तीमा २ वर्ष निशुल्क चिकित्सकिय सेवा उपलब्ध गराउने शर्तमा ५० प्रतिशत साझेदारीमा छात्रवृत्ति सुविधा उपलब्ध गराईनेछ, यस छात्रवृत्ति कार्यक्रमलाई थप व्यवस्थित र पारदर्शि बनाउन सरोकारवाला निकायको समन्वयमा मापदण्ड तर्जुमा गरिनेछ।

८९. कोभिड-१९ को संक्रमण नियन्त्रण तथा व्यवस्थापनका लागि अग्रपङ्ती (Front Line ) मा कार्य गर्ने स्वास्थ्यकर्मीहरु लाई कामको आधारमा १०० प्रतिशत सम्म दिइदै आएको जोखिम भत्ता लाई निरन्तरता दिईनेछ

९०. कोरोना भाईरस विरुद्धको खोप आम ककनीवासीहरुलाई उपलब्ध गराउन संघ र प्रदेश संग समन्वय तथा सहकार्य गरी खोपको सुनिश्चितता गरिनेछ।

९१. गाउँपालिकामा १० शैयाको सुविधा सम्पन्न आधारभुत अस्पताल निर्माण कार्यलाई तदारुकताका साथ अगाडी वढाईनेछ।

९२. कोभिड-१९ लगायत विभिन्न महामारी रोग नियन्त्रणका लागि व्यवस्थापन समिति, RRT, CICT Team गठन गरी रोग नियन्त्रणका लागि प्रभावकारी कदम चालिनेछ।

९३. आम नागरिकलाई स्वास्थ्य विमाको दायरा भित्र ल्याउन वेशेष पहल गर्दै जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्तिहरु, सहिद तथा वेपत्ता परिवार, घाईते अपाङ्ग र दिर्घरोगीलाई सोको लागि विशेष प्रवन्ध गरिनेछ।

९४. कोभिड-१९ का कारण संक्रमित तथा प्रभावित भएका आम ककनी वासीहरु लाई विशेष राहत सहयोग उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

९५. कोभिड-१९ बाट संक्रमण पुष्टि भएका संक्रमितहरुलाई पोषणयुक्त खानपानमा सहयोग गर्ने हेतुले प्रत्येक विरामीलाई रु ५ हजार उपलब्ध गराउने र सोका कारण मृत्यु भएका मृतकको परिवारलाई काजकृया खर्च वापत रु २५ हजार उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

९६. ककनी प्राथमिक स्वास्थ्य केन्द्रमामा फार्मेशी सेवाको सुरुवात गरिनेछ।

९७. कोभिड-१९ परीक्षणका लागि घरदैलो सेवालाई निरन्तरता दिईनेछ।

९८. ककनी गाउँपालिकामा सञ्चालित आइसोलेसन अस्पताललाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ।

९९. स्वास्थ्यकर्मी तथा स्वंयमसेवीकाहरुलाई आवश्यक तालिम तथा अन्य सहयोग उपलव्ध गराई क्षमता विकास गरिनेछ।

१००. कोभिड-१९ बाट संक्रमण भई Home आइसोलेसनमा बसेका नागरिक लागि औपधि प्याकेज प्रवन्ध गरिनेछ।

१०१. ककनी प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकिय सेवालाई निरन्तरता दिदै थप व्यवस्थित गरिनेछ।

१०२. स्वास्थ्य चौकीहरुलाई नयाँ निर्माण तथा मर्मत सुधार गरी भौतिक रुपमा सम्पन्न गराईनेछ र आधारभुत स्वास्थ्य केन्द्रलाई स्वास्थ्य चौकीमा परिणत गरिनेछ।

१०३. ककनी प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको x-ray सेवालाई निरन्तरता दिदै USG सेवा सञ्चालन गरिनेछ साथै ग्रामिण USG सेवा लाई निरन्तरता दिदै ल्याव र ECG सेवालाई थप विस्तार गरिनेछ।

१०४. ओखरपौवा, सिसडोल र चतुराले स्वास्थ्य चौकीमा प्रदेश सरकार संगको सहकार्यमा प्रयोगशाला सेवा उपलब्ध गराउन विशेष पहल गरिनेछ।

१०५. नेपाल सरकारबाट उपलब्ध हुने निशुल्क औषधि सेवा प्रवाहलाई थप व्यवस्थित वनाईनेछ।

१०६. औषधी सापटी कार्यक्रम सञ्चालन गरी Over Stock र Under Stock लाई एक रुपता कायम गरी औषधीको अधिकतम प्रयोग गरिनेछ।

१०७. महिला स्वास्थ्य स्वयं सेविकाका लागि थप प्रोत्साहनका कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ।

१०८. **"किशोरी संग उपाध्यक्ष"** कार्यक्रम मार्फत विद्यालय स्तरमा किशोरी स्वास्थ्य पोषण कार्यक्रम लागु गरिनेछ, किशोर किशोरीहरुलाई प्रजनन स्वास्थ्य सम्बन्धि शिक्षा दिइनेछ ।

१०९. सेनिटरी प्याड स्थानीय तहमानै उत्पादन गरी वितरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईनेछ ।

११०. नियमित रुपमा गर्भजाँच गराउने गर्भवती महिलाहरुलाई दिदै आएको प्रोत्साहनलाई निरन्तरता दिइनेछ

१०१. स्तन तथा पाठेघर क्यान्सर तथा मानसिक स्वास्थ्य लगायत अन्य रोगहरुको उपचारका लागि निजी संघ-संस्था संघ समन्वय गरी आवश्यक उपचारको प्रबन्ध मिलाईनेछ ।

१०२. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि खोपको शुक्ष्म योजना कार्यलाई निरन्तरता दिईनेछ र बैशाख महिनालाई खोप महिनाका रुपमा मनाईनेछ ।

१०३. "**जेष्ठ नागरिक संग अध्यक्ष**" कार्यक्रम मार्फत जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रबर्धन गर्न सम्वन्धित स्वास्थ्य चौकीहरु मार्फत जेष्ठनागरिक स्वास्थ्य जाँच घरदैलो कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०४. सुनौला हजार दिनका आमा तथा बच्चा लक्षित कार्यक्रमहरु गैर सरकारी संस्था समेतको समन्वयमा संचालन गरिनेछन् ।

१०५. अति संवेदनशिल तथा जटिल रोगहरुको उपचारका लागि अनुदान प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०६. खोप तथा गाउँघर क्लिनिकलाई व्यवस्थित गरी गुणस्तरीय सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०७. स्वास्थ्य सेवाका आयामहरु प्रतिकारात्मक सेवा, प्रवर्धनात्मक सेवा, उपचारात्मक सेवा, पुनर्स्थापनात्मक र प्रसामक सेवाहरु समेटेर स्वास्थ्यका कार्यक्रमहरु बनाइनेछ ।

१०८. **"Zero Home Delivery गाउँपालिका"** घोषणा गर्न एक वडा एक वर्थिकङ सेन्टर अभियानलाई निरन्तरता दिईनेछ, यसका लागि वर्थिङ सेन्टर विहिन वडा नं ५, ६ र ८ मा वर्थिकङ सेन्टर स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

१०९. परिवार नियोजन सेवालाई थप प्रभावकारीता सहित विस्तार गरिनेछ ।

११०. गाउँघर क्लिनिक तथा खोप क्लिनिक लाई थप व्यवस्थित बनाई उक्त कार्यमा खटिएका कर्मचारीहरुका लागि प्रोत्साहनको व्यवस्था गरिनेछ ।

१११. क्षयरोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

**(ङ.) संस्कृति प्रवर्द्धन:**

११२. गाउँपालिका क्षेत्र भित्रको ऐतिहासिक एवं पुरातात्विक सम्पदा तथा स्थानहरु जस्तै गुम्वा, चर्च, मठमन्दिर, पाटीपौवा, सतल, कुवा, पंधेरो, ढुंगेधारा, अन्तिम दाहासंस्कार गर्ने घाट लगायतलाई जीवन्त राख्न संरक्षण र सम्बर्द्धन गरिनेछ।

११३. स्थानीय स्तरको धर्म, कला र संस्कृतिको संरक्षण र प्रचार प्रशार गर्ने कार्यक्रमहरुलाई व्यवस्थित रुपमा कार्यान्वयनमा लगिनेछ।

११४. गाउँपालिकामा अधिक जनसंख्या भएको तामाङ जातीहको मौलिकता संरक्षण गर्न गाउँपालिकाको उपयुक्त स्थानमा तामाङ संग्राहलय स्थापना गरिनेछ।

११५. दलित वर्गको स्थानीय कला सिपको प्रवर्धन र संरक्षण गर्न उनीहरुले अपनाउदै आएको पेशालाई थप परिष्कृत गराउन तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

## ३.पुर्वाधार विकास:

### (क) भवन तथा शहरी विकास:

११६. मिति २०७८ साल श्रावण १ गतेका दिन गाउँपालिकाको प्रशासकिय भवन सिलन्यास गरी मिति २०७९ साल वैशाख महिना भित्र उदघाटन गर्ने गरी निर्माण कार्य सम्पन्न गर्न आवश्यक बजेट तथा कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

११७. आफ्नै वडा कार्यालयको प्रशासनिक भवन नभएका वडाहरुमा भवन निर्माणको लागि आवश्यक पहल गरिने छ र निर्माणाधिन वडाकार्यालयहरुलाई सम्पन्न गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११८. गाउँपालिकामा १० सैयाको आधारभुत अस्पताल निर्माणका लागि स्वीकृत डिजाईन बमोजिमको निर्माण प्रकृयालाई अगाडी वढाईनेछ।

११९. भवन निर्माण आचार संहितालाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

१२०. गाउँपालिकाका सवै घरहरुलाई दर्ता प्रकृयामा आवद्ध गराईने छ, साथै शहरी क्षेत्रमा अनिवार्य रुपमा अनुमति लिएर मात्र घर निर्माण गर्ने पद्धतीलाई निरन्तरता दिइनेछ।

१२१. गाउँपालिका क्षेत्रको आवश्यक स्थानहरुमा प्रतिक्षालयहरु निर्माण गर्ने कार्यलाई क्रमिक रुपमा अगाडी वढाइनेछ

### (ख) खानेपानी पुर्वाधार कार्यक्रम:

१२२. **"एक घर एकधारा"** नीतिलाई निरन्तरता दिदै यस अभियानलाई पूर्ण रुपमा कार्यान्वयन गर्नका लागि खानेपानीको धारा जडान हुन वाँकी रहेका घरधुरीमा खानेपानीको धारा जडान गरी **"एक घर एक धारा मैत्री वडा"** कार्यक्रम घोषणा गर्दै लगिनेछ।

१२३. यस गाउँपालिका भित्र रहेका खानेपानीको मुहान पहिचान गरि सो को उचित संरक्षण गरी संचालनमा ल्याईनेछ।

**(ग) ऊर्जा, वैकल्पिक उर्जा:**

१२४. गाउँपालिकाका सबै वडाका घरहरुमा विद्युतिकरण गरि उज्यालो घरको रुपमा रुपान्तरण गर्नको लागि विद्यूत प्राधिकरणको समन्वयमा काठको पोललाई क्रमश विस्तापन गरी विद्युतिकरण कार्य सम्पन्न् गर्न पहल गरिनेछ।

१२५. सार्वजनिक मूख्य चोक, मठमन्दिर, विद्यालय, वडा कार्यालयहरुमा सौर्य उर्जा जडान कार्यलाई निरन्तरता दिईनेछ।

**(घ) सिंचाई :**

१२६. खेतीयोग्य जग्गाहरुमा पक्की कुलो/नहर/ ERT/लिफटिङ को व्यवस्था गरी साना सिंचाई योजना संचालन कार्यलाई निरन्तरता दिईनेछ

१२७. सम्भावित नयाँ सिंचाई योजनाहरु निर्माण गर्ने र संचालित योजनाहरुको मर्मत तथा स्तर उन्नती गरी वाहै महिना सिंचाई सुविधा पुर्याईने छ ।

१२८. पानीको स्रोत कम भएको स्थानमा पलास्टिक पोखरी निर्माण गरी सिंचाई सुविधालाई थप विस्तार गरिनेछ।

**(ङ) सडक, पुल तथा झोलुङ्गे पुल:**

१२९. वडाभित्रका मूख्य सडक मार्गहरुलाई ग्रावेल गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयनमा लगिनेछ।

१३०. गाउँपालिका भित्रका विभिन्न स्थानमा निर्माण गर्न आवश्यक देखिएका स्थानमा झोलंगेपुल निर्माण कार्यलाई संघीय तथा प्रदेश सरकारको समन्वयमा निरन्तरता दिईनेछ।

१३१. गुणस्तरीय कार्य प्रगतिको लागि उपाध्यक्षको संयोजकत्वमा प्राविधिक सहितको संलग्नतामा अनुगमन तथा मुल्याङ्कन कार्यलाई निरन्तरता दिदै अनुगमन प्रणालीलाई नतिजामा आधारित बनाईनेछ।

१३२. जनसहभागितामा आधारित विकास निर्माणका लागि अधिकतम् जनसहभागिता हुने योजनाहरुलाई समपुरक कोषवाट आवश्यक वजेट विनियोजन गरि विकास कार्यलाई अगाडी वढाउने कार्यलाई निरन्तरता दिईनेछ।

१३३. सिमा जोडिएका पालिकालाई फाइदा पुग्ने खालका दुई वा दुई भन्दा वढी पालिकाको साझेदारीमा संचालन हुने पुर्वाधार निर्माणका कार्यक्रमहरुलाई विषेश जोड दिइने छ, यसको लागि समपुरक कोषबाट आवश्यक वजेट व्यवस्था गरिने छ।

१३४. सडक निर्माणमा दिगोपना ल्याउनको लागि वायो ईन्जिनियरिङ्गको आधारमा रहि Side Drain निर्माण र अन्य कार्यहरु गरिनेछ।

१३५. गाउँपालिका भित्रका वडाहरु जोडने मूल मोटरबाटो स्तरउन्नती गरी नालीग्रावेलमा मूख्य रुपमा जोड / दिदै प्राविधिक रुपले उपयुक्त नभएका बाटोहरु निर्माणलाई निरुत्साहित गरिनेछ।

१३६. **"एक वडा एक मूख्य गाउँपालिका स्तरको मोटरबाटो"** भन्ने साविकको अवधारणालाई निरन्तरता दिईनेछ।

## ४. वातावरण तथा विपद् व्यवस्थापन:

१३७. गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जिउधन, सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि दैविप्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

१३८. कोरोना भाईरस ( कोभिड-१९) संक्रमण रोकथाम, उपचारकोष सञ्चालन तथा राहत वितरण कार्यविधि २०७७ कार्यान्वयनका लागि आवश्यक पर्ने बजेटको सुनिश्चिता गरिनेछ।

१३९. गाउँपालिका क्षेत्र भित्र निजी तथा सामुदायिक वनमा भैरहेको वन फडानीलाई रोक्न स्थानीय समुदायलाई समेत परिचालन गरिनेछ, साथै गाउँपालिका भित्र रहेका नाङ्गा डाँडाहरुलाई वृक्षारोपण गरी हरियाली वनाईने छ।

१४०. वन विनास कार्य आगलागि), वनकटान, आदिवाट रोक्नको लागि सचेतना (मूलक कार्यक्रम संचालन गरि सवै गाउँवासीहरुलाई सचेत गराईनेछ।

१४१. नेपाल सरकारको नीति अनुरुप न्यूनतम रुपमा **"एक घर एक फलफुलको विरुवा"** अभियानलाई निरन्तरता दिइनेछ।

१४२. वर्षातको समयमा हुने जल उत्पन्न प्रकोपलाई न्यूनिकरण गर्न जोखिमयुक्त स्थानहरु पहिचान गरी तारजाली तथा वृक्षारोपणका माध्यमवाट नियन्त्रणका कार्यहरु गरिनेछ।

१४३. फोहोर डम्पिङ् साईटको रुपमा रहेको सिसडोललाई व्यवस्थित गर्न वृहत छलफल गरी दीर्घकालीन उपायहरु अवलम्वन गरिनेछ ।

१४४. वातावरण अध्ययन प्रतिवेदन (IEE) ले औल्याएको स्थानबाट मात्र नदिजन्य सामाग्री उत्खनन गर्ने गराउने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१४५. गाउँपालिकाको वडा नं ४ मा रहेको सार्वजनिक शौचालयलाई सञ्चालनमा ल्याई थप व्यवस्थित गरिनेछ ।

१४६. फोहोर डम्पिङ् साईटको कारणबाट मानव वस्ती र स्वास्थ्यमा परेको असरलाई न्यूनिकरण गर्न जग्गा अधिकरण गराउन पहल गरी खाली रहेका स्थानमा वृक्षारोपण गरी हरियाली बनाउने नीतिलाई कार्यान्वयनमा लगिनेछ ।

## ५ .संस्थागत विकास तथा सेवा प्रवाह :

### क.सुशासन,मानव संशाधन विकास र सेवा प्रवाह:

१४७. नयाँ निर्माण हुने गाउँपालिकाको प्रशासनिक भवनमा र वडा कार्यालयको प्रशासनिक भवनमा **"द्धार एक सेवा अनेक"** ( One Door Service More) को अवधारणामा अडियो भिडियो सहितको नागरिक वडापत्र लगायतका सेवाग्राहीमैत्री कक्षको व्यवस्था मिलाईनेछ ।

१४८. "कार्यालयको काम अराएर मात्र होईन मन पराएर पनि गर्ने" संस्कार विकास गर्न गाउँपालिकाको कार्यालय, वडा कार्यालय, सामुदायिक विद्यालय र स्वास्थ्य संस्था मध्येबाट एक आर्थिक वर्ष भरीमा उत्कृष्ठ र रचनात्मक कार्य सम्पादन गर्ने पाँचजना उत्कृष्ठ कर्मचारीलाई सम्मान गर्ने परिपाटीको व्यवस्था मिलाईनेछ ।

१४९. गाउँपालिका संग सम्वन्धित सेवाग्राहीले मागेका विवरणहरु सूचना अधिकारी मार्फत समयमानै उपलव्ध गराईनेछ ।

१५०. गाउँपालिकाको बिद्यमान संगठन संरचनामा कार्यवोझको आधारमा पुनरावलोकन गरी O & M Survey गरिनेछ ।

१५१. जनप्रतिनिधि तथा गाउँपालिकामा कार्यरत कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५२. गाउँपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरुसंग भगिनी सम्वन्ध कायम गरिने नीति लिईनेछ । यस कार्यमा गाउँको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ ।

१५३. गाउँका गतिविधीहरु गाउँवासी समक्ष पुर्याउन स्थानीय राजपत्र र गाउँ वुलेटिन प्रकाशन गर्दै लगिनेछ ।

१५४. गाउँपालिकावाट संचालित योजना तथा कार्यक्रमहरुको सहभागितामूलक, दिगो तथा अपनत्व बोध गराउन सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता कार्यलाई निरन्तरता दिईनेछ ।

**१५५.** स्थानीय तहको संस्थागत विकास क्षमता स्वमूल्याङ्न (LISA) का आधारहरुलाई ध्यानमा राखी कार्यसम्पादनलाई थप व्यवस्थित बनाईनेछ।

**(ख) सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन:**

**१५६.** आ.ब.०७८/७९ भित्र गाउँपालिका क्षेत्र भित्रका सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा ईन्टरनेटको पहुँच पुर्याईनेछ।

**१५७.** गाउँपालिकाका सार्वजनिक जग्गा, सार्बजनिक सम्पति, घरनक्शा पास, व्यक्तिगत घटना दर्ता, निर्णयहरु लगायत सवै किसिमको अभिलेखहरुको डिजिटलाईज गरी व्यवस्थित गरिनेछ।

**१५८.** गाउँपालिकाका सूचना, जानकारी तथा गतिविधिहरु वेब साईट, मोवाईल एप्लिकेसन र सामाजिक सञ्जाल मार्फत गाउँवासीहरुले सहजताका साथ जानकारी प्राप्त गर्ने प्रवन्ध मिलाईनेछ।

**१५९.** गाउँपालिका तथा वडा कार्यालयहरुवाट संकलन गरिने राजस्व, योजनाका कार्यहरु, दर्ता चलानी, जिन्सी व्यवस्थापन आदिलाई सफ्टवेयर मार्फत कम्प्यूटरकृत गरिनेछ।

**१६०.** स्थानीय एफएम/रेडियोबाट समेत सरोकारवालाहरुको गुनासो एवं जिज्ञासा सम्बोधन गर्न प्रत्येक महिनाको एक दिन "**जनता संग अध्यक्ष**" नामक रेडियो कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

**ग.सुरक्षा व्यवस्थापन:**

**१६१.** गाउँपालिका एवं सम्वन्धित कार्यालयहरुमा सिसिटीभी जडान गर्ने कार्यलाई विस्तार गरिनेछ ।

**१६२.** मुख्य मुख्य चोकहरुमा सडक वत्ती विस्तार कार्यलाई निरन्तरता दिईनेछ।

**१६३.** मदिराको विक्रि वितरण कार्यलाई व्यवस्थित बनाईनेछ।

**१६४.** कार्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्न र व्यवस्थित रुपले कार्यालय सञ्चालन गर्न आवश्यक पर्ने सुरक्षा गार्ड, माली तथा नगर प्रहरी लगायतको जनशक्ति व्यवस्थापन गरिनेछ।

**(घ) न्याय सम्पादन:**

**१६५.** **"गरौं मिलाप नगरौं विलाप"** अभियान कार्यान्वयन गर्न गाउँपालिका स्तरमा मेलमिलाप केन्द्रलाई प्रभावकारी बनाई आधारभुत तालिम लिई सूचीकृत भएका स्थानीय मेलमिलापकर्ताहरुलाई लक्षित गरी पुनर्ताजगी तालिम कार्यान्वयन गर्दै न्यायिक समितिलाई थप संस्थागत गरिनेछ।

**१६६.** नयाँ निर्माण हुने प्रशासनिक भवनमा उपयुक्त किसिमको ईजलास निर्माण गरी ईजलास मार्फत न्याय सम्पादन गर्ने कार्यलाई व्यवस्थित बनाईनेछ

१६७. न्यायिक समितिमा परेका उजुरीहरुलाई सकेसम्म मेलमिलापको माध्यमवाट निरुपण गर्ने नीति लिईनेछ, साथै आवश्यकता अनुसार स्थानीय मेलमिलापकर्ता थप गरिनेछ ।

१६८. न्यायिक समितिमा प्राप्त उजुरीलाई यथासम्भव छिटो किनारा लगाईनेछ ।

१६९. मेलमिलाप कर्तालाई प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिदै महिला जनप्रतिनिधिहरुलाई न्यायिक तालिम आयोजना गरी क्षमता विकास गरिनेछ ।

१७०. हिंसा पिडित महिला, एकल महिला, भिन्न क्षमता भएका व्यक्ति दलित, बालबालिका र जेष्ठ नागरिकमा न्यायमा शिघ्र पहुँच पुर्याउन आवश्यक व्यवस्था मिलाईनेछ ।

१७१. न्यायीक समिति र जनप्रतिनिधिहरुको लागि क्षमता विकासको कार्यक्रम सञ्चालन गरिनेछ ।

१७२. वर्षमा कम्तीमा एक जना उत्कृष्ठ मेलमिलापकर्तालाई मापदण्डका आधारमा पुरस्कृत गर्ने नीति लिईनेछ ।

१७३. मेलमिलापकर्ता सुरक्षाकोष खडा गरि वजेटको प्रबन्ध मिलाईनेछ ।

१७४. आर्थिक अवस्था कमजोर भएका महिलाहरुको अंश नाता कायम लगायतका विषयमा न्यायिक समितिबाट अदालतमा निशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ ।

१७५. संविधानबाट प्रदत्त सामाजिक र समावेशीकरण सम्बन्धि नीति अनिवार्य रुपमा लागु गरिनेछ ।

**(ङ) अन्तिम लेखापरीक्षण तथा वेरुजु:**

१७६. वित्तय सुशासन कायम गर्न महालेखा परीक्षकको कार्यालयबाट भएको आर्थिक वर्ष ०७६/०७७ सम्मको लेखा परीक्षण प्रतिवेदनले औल्याएको नियमित गर्नुपर्ने, असुलउपर गर्नुपर्ने, प्रमाण कागजात पेश गर्नुपर्ने लगायतका वेरुजु फर्छयौट गर्न सम्बद्ध पक्षलाई सूचित गरने र तोकिएको समय अवधिमा वेरुजु फर्छयौट नगर्नेको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

१७७. जनप्रतिनिधि तथा कर्मचारीहरुले समयमानै पेश्की तथा वेरुजु फछर्यौट नगरेमा पारिश्रमिक, तलव भत्ता समेत रोक्का गरि असुल उपर गरिनेछ ।

**(च) लेखाकंन तथा राजस्व परिचालन:**

१७८. संघीय सरकारवाट स्वीकृत सुत्रमा आधारित लेखा प्रणालीलाई पूर्ण रुपमा लागू गरिनेछ ।

१७९. कर तथा शुल्क दस्तुरको नयाँ क्षेत्र समेत पहिचान गरी करको दायरा फराकिलो वनाईनेछ ।

१८०. संचित कोषमा संकलित राजस्वलाई आवश्यकता तथा औचित्यताको आधारमा पुर्ण मितव्ययीता अपनाई गाउँवासीको उच्चतम् हितमा प्रयोग गरिनेछ ।

१८१. राजस्व संकलन तथा करदाताको अभिलेख व्यवस्थित वनाईनेछ ।

१८२. **"मैले तिर्ने कर मैरै गाउँ विकासका लागि"** भन्ने धारणा विकास गरी आम करदातालाई महशुस हुने गरी सेवा प्रवाह गरिनेछ।

१८३. राजस्व संकलनको लागि कर शिक्षा एवं संकलन कार्यक्रम मार्फत करमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

१८४. गाउँपालिकाले प्रवाह गर्ने सेवासंग करको आवद्धता गर्ने गरी सम्पति कर, वहाल कर, व्यावसाय कर र विज्ञापन करलाई एकीकृत रुपमा आवद्ध गरिनेछ।

१८५. करको दर घटाउने, दायरा वढाउने, करदातामैत्री प्रशासनको विकास गर्ने, कर संकलन क्षमता वढाउने र दोहोरो कर हटाउने नीति अवलम्बन गरिनेछ।

**(छ) वित्तिय शुसासन तथा जोखिम न्यूनिकरण:**

१८६. वित्तिय सुशासन कायम गर्न आम्दानी र खर्चलाई पारदर्शि र मितव्यमी बनाईनेछ।

१८७. खरिद प्रकृयालाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरीय वनाउदै लगिनेछ।

१८८. आर्थिक क्रियाकलापहरुको मासिक, चौमासिक र वार्षिक विवरणहरु सूचनापाटी, Website साथै सञ्चार माध्यमहरुबाट सार्वजनिक गरिनेछ।

१८९. समपुरक कोष, मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष लाई निरन्तरता दिदै सुरक्षित मातृत्व कोष, कर्मचारी कल्याण कोष, स्वास्थ्य उपचार विशेष कोष र संस्कृति संरक्षण कोषको स्थापना गरिनेछ।

१९०. अस्थायी, ज्यालादारी र करारमा कार्यरत कर्मचारीहरुको आर्थिक सुरक्षाका लागि सामाजिक सुरक्षाकोषमा आवद्ध गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

१९१. आन्तरिक लेखापरीक्षण शाखाको गठन गरी कार्यसम्पादलाई प्रभावकारी गराईनेछ ।

**(ज) सामाजिक परीक्षण:**

१९२. स्थलगत लेखापरीक्षण, खर्च सार्वजनिकीकरण निर्देशिकाको प्रावधानलाई पालना गरिनेछ।

१९३. विषय विज्ञहरु समेतको सेवा लिई आयोजनाहरुको स्थलगत सामाजिक परीक्षण कार्य गरिनेछ।

१९४. गाउँवासी, जनप्रतिनिधी, कर्मचारी समेतको संलग्नतामा समाजिक परीक्षणलाई सुनिश्चितता प्रदान गरिनेछ।

**(झ) सार्वजनिक सुनुवाई:**

१९५. सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ बमोजिम त्रैमासिक रुपमा वित्तिय विवरण सार्वजनिक गरिनेछ र नियमित रुपमा सार्वजनिक सुनुवाईको आयोजना तथा जनगुनासोको यथाशीघ्र सम्वोधन गर्ने प्रबन्ध मिलाईनेछ।

१९६. गुनासो अभिलेख, उजुरीपेटीका, सुझाव पेटीका व्यवस्थित रुपमा कार्यालयमा व्यवस्थापन गरि सोही आधारमा कार्यसंचालन व्यवस्थापन गरिनेछ।

**आदरणीय गाउँसभा सदस्यज्यूहरु :**

माथि उल्लेखित नीति तथा कार्यक्रम, सोच, लक्ष्य, उद्देश्य र प्राथमिकता अनुसार सो कार्य सम्पादनको लागि आगामी आ.व ०७८/०७९ का लागि चालु तर्फ ३१ करोड ६ लाख र पुँजिगत तर्फ १९ करोड १५ लाख ८९ हजार ३७० रुपैया गरी जम्मा ५० करोड २१ लाख ८९ हजार ३७० रुपैया प्रारम्भिक अनुमान सहित विनियोजन गरि नीति तथा कार्यक्रममा उल्लेखित विषय क्षेत्रहरुमा आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

अन्त्यमा, उपरोक्त अनुसारको १९६ बुँदे नीति तथा कार्यक्रमलाई व्यवस्थित र पारदर्शि तवरले गाउँपालिका क्षेत्र भित्र क्रमश कार्यान्वयनमा ल्याउन सम्पूर्ण गाउँसभा सदस्य, स्थानीय राजनैतिक दल, सम्पूर्ण सरकारी तथा गैरसरकारी संघ संस्था, कर्मचारीमित्रहरु, गाउँवासी आमाबुवा, दाजुभाई तथा दीदी विहिनी लगायत सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दै विदा हुन चाहन्छु।

धन्यवाद्।

जय ककनी , जय ककनी वासी (मान वहादुर लामा)

अध्यक्ष

**२०७८ असार १०**